# धितोपत्र दलाल व्यवसायी (दोश्रो बजार) भई कार्य गर्न चाहने ईच्छुक संगठित कम्पनीहरुका लागि दरखास्त आव्हानको सूचना

(सूचना प्रकाशित मिति ..२०६४।८।१२)

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५७ उपदफा २(ग) को प्रावधान र धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम ३ मा व्यवस्था भए अनुसार धितोपत्र दलाल व्यवसायीको अनुमतिको लागि उपलव्ध संख्याको २५ प्रतिशत वढी सिफारिश गर्ने प्रावधान अनुसार हाल आवश्यक दलाल संख्या २७ लाई दलाल व्यवसायी अनुमति पत्र दिनका लागि ३४ आवेदकहरु नेपाल धितोपत्र बोर्डमा सिफारिश गर्नु पर्ने भएकोले सोको लागि धितोपत्र कारोबारको दोश्रो बजारमा संलग्न हुन चाहने देहाय अनुसारको योग्यता पुगेका संगठित संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र दरखास्त आव्हान गरिन्छ । दरखास्त दिन चाहनेले यस लि. को प्राङ्गणमा रहेको बैंक अफ काठमाण्डूको यस लि. को खातामा रु. ५००।- जम्मा गरेको भौचर वुझाई दरखास्त फाराम र सिफारिश छनोट विधि प्राप्त गर्न सकिनेछ । आवेदकले दरखास्त वुझाउंदा रु. ३,५००।- दस्तुर वुझाई सोको भौचर साथ वुझाउनु पर्नेछ ।

(क) कम्पनी ऐन, २०६३ अनुसार धितोपत्र कारोवार गर्ने प्रमुख उद्देश्य तथा कार्य भई कम्तिमा दुई संस्थापक रहेको प्रा. लि. वा पव्लिक कम्पनीको रुपमा दर्ता भएको संगठित संस्था हुनु पर्नेछ ।

(ख) संगठित संस्थाको शेयरधनी प्राकृतिक व्यक्ति नै हुनु पर्नेछ ।

(ग) संगठित संस्था (प्रा.लि. भएमा) को न्यूनतम चुक्ता पूँजी रु. २० लाख हुनु पर्नेछ भने पव्लिक कम्पनीको चुक्ता पूँजी कम्तिमा रु. एक करोड हुनु पर्नेछ ।

(घ) संगठित संस्थाको संचालक र प्रवन्ध निर्देशक (संचालक सहितको कार्यकारी प्रमुख) २१ बर्ष उमेर पुगेको नेपाली नागरिक हुनु पर्नेछ ।

(ङ) शेयरधनी/संचालक/प्रवन्धक निर्देशक बैंक वा वित्तीय संस्थासंगको कुनै कारोवारमा कालो सूचिमा नरहेको हुनु पर्नेछ ।

(च) संचालक तथा प्रवन्धक निर्देशक वाणिज्य शास्त्र वा अर्थशास्त्रमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातक वा सो सरहको CA उपाधि प्राप्त गरेको हुनु पर्नेछ ।

(छ) संचालक तथा प्रवन्ध निर्देशक धितोपत्र बजार, बैंक, वित्तीय, लेखा, व्यवस्थापन, उद्योग, वाणिज्य सम्बन्धी कार्यमा संगठित क्षेत्रमा कम्तिमा दुई बर्षको कार्य अनुभव भएको हुनु पर्नेछ ।

(ज) संचालक, प्रवन्ध निर्देशक एवं कम्पनीको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

यसका साथै अयोग्यता सम्बन्धी सहितको विस्तृत विवरण माथि उल्लेखित सिफारिश छनोट विधिमा उल्लेख गरिए अनुसार हुनेछ ।

नेपाल धितोपत्र विनिमय बजार लि.
सिंहदरवार प्लाजा मार्ग, काठमाण्डौ ।